# खनियाबास गाउँपालिकाको
# मर्मत संभार कोष संचालन कार्यविधि, २०७८

धादिङ जिल्ला
बागमती प्रदेश, नेपाल

# खनियाबासको राजपत्र

## खनियाबास गाउँकार्यपालिका

गाउँ कार्यपालिकाको मिति २०७८ ............ गतेको बैठकबाट स्वीकृत

# खनियाबास गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७८

**प्रस्तावना :** भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि खानेपानी, सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको पहूँच ग्रामीण क्षेत्रसम्म पुर्‍याउने गाउँपालिकाको लक्ष्य पनि हो । गाउपालिका भित्र एकघर एकधारा निर्माण अभियानको रुपमा रहेको र सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ । बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन, खानेपानि जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (६) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खनियाबास गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो निर्देशिकाको नाम "मर्मत सभार कोष संचालन कार्यविधि २०७८" रहने छ ।

ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**२. परिभाषा :**

क) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष संचालन कार्यविधि २०७८ लाई बुझाउने छ ।

ख) "गाउँपालिका" भन्नाले खनियाबास गाउँपालिका बुझाउने छ ।

ग) "स्थानीय तह" भन्नाले खनियाबास गाउँपालिकालाई बुझाँउने छ ।

घ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेका संगठन भन्ने बुझाँउने छ ।

## परिच्छेद–२ (दुई)

**३. व्यवस्थापन समिति**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छ :

| | |
|---|---|
| १ गाउँपालिका अध्यक्षः | अध्यक्ष |
| २ पुर्वाधार विकास समितिको संयोजकः | सदस्य |
| ३ वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजकः | सदस्य |
| ४ प्रमुख प्रशासकिय अधिकृतः | सदस्य |
| ५ गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सहित समितिले तोकेको २ जनाः | सदस्य |
| ६ पुर्वाधार विकास शाखा प्रमुखः | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठक भत्ता गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद–३ (तीन)

**कोष स्थापना :** मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँ सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय ग्रैससहरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको ३% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

ज) विविध ।

**५. कोष सञ्चालन**

क) कोषको नाममा प्राप्त हुन आएको रकम खानियाबास गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखापरिक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद –४ (चार)

**६. कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१) सडक, कर्ल्भट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य ।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :** उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख) गाउँयातायात गरुयोजना MTMP मा परेका सडकहरु ।

ग)	भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ)	लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

ङ )	मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

च)	सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

छ)	दुई वा दुई भन्दा वढि स्थानीय तहलाई जोड्ने  सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कर्ल्भट, कुलो पैनी, बाँध आदी ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :** गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद – ५ (पाँच)

### ९.	संसोधन वा खारेजी :

क)	मर्मत सम्भार कोष संचालन कार्यविधिको संसोधन वा खारेज गर्नुपरेमा गाउँ कार्यपालिकाबाट हुनेछ ।

ख)	यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग)	यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।